नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

झापा

(.................... फाँट)

☎ ०२३- ४५५१२५ कार्यालय
४५५०८८ फ्याक्स
४५६११९ कार्यालय
४५६११७ प्रजिअ आवास
४५५१६६, ४५५०६६, ४५५९८८

पत्र संख्या :- २०७८।७९

चलानी नं. :-

मिति :- २०७८।०४।३२

## झापा जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश

कोभिड-१९ को संक्रमणको जोखिम यस जिल्लामा रहिरहेको हुँदा उक्त संक्रमणको रोकथाम र नियन्त्रणका लागि नेपाल सरकार मन्त्रिपरिषदको निर्णय, कोभिड-१९ संकट व्यवस्थापन सम्वन्धमा व्यवस्था गर्न बनेको अध्यादेश २०७८ को दफा ४, संक्रामक रोग ऐन २०२० को दफा २ र स्थानीय प्रशासन ऐन २०२८ को दफा ६ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी मिति २०७८।०४।२३ गते मध्यराती १२:०० बजे देखी मिति २०७८।०४।३२ गते मध्यराती १२:०० बजेसम्म झापा जिल्लाभर लागू हुने गरी निषेधाज्ञाको आदेश जारी गरिएकोमा यस जिल्लामा संक्रमणको जोखिम रहिरहेकोले मिति २०७८।०४।३२ गते मध्यराती १२:०० बजे देखी मिति २०७८।०५।१० गते मध्यराती १२:०० वजे सम्मका लागि देहाय अनुसारको आदेश जारि गरिएको छ । यो आदेशको पालना गर्नु गराउनु सबै व्यक्ति, संघ, संस्था पेशाकर्मी, व्यवसायी तथा आम नागरिकको कर्तव्य हुनेछ।

देहाय :-

१. सर्वसाधारणका लागि :-

   क. अत्यावश्यक काम नपरि घर बाहिर ननिस्कने । अत्यावश्यक काम परि घरबाट वाहिर निस्कनै पर्दा अनिवार्य माक्सको प्रयोग गर्ने, भौतिक दुरी कायम गर्ने, भिडभाड नगर्ने / नगराउने ।

   ख. सबै व्यक्ति, संघ/संस्था, निकायले नेपाल सरकारद्वारा तोकिएको समाजिक दुरी, स्वास्थ्य सुरक्षा मापदण्डको अनिवार्य पालना गर्ने / गराउने ।

   ग. हाट, बजार, मेला, जात्रा, महोत्सव, पार्टी, भोज लगायत भिडभाड हुने कार्य नगर्ने नगराउने ।

   घ. कोभिड-१९ को लक्षण देखिएमा वा त्यस्तै प्रकारका कुनै स्वास्थ्य समस्या देखिएमा तुरुन्तै नजिकको स्वास्थ्य संस्था वा स्थानीय तहमा सम्पर्क राख्ने ।

२. कार्यालय संचालन सम्बन्धमा:-

   क. सरकारी, सार्वजनिक संस्थान, बीमा लगायतका कार्यालयहरुले स्वास्थ्य सुरक्षा मापदण्ड कडाइका साथ पालना गरि संक्रमणको जोखिम र भिडभाडको अवस्थाको विश्लेषण गरि आलोपालो प्रणाली अवलम्वन गरी भीडभाड नहुने प्रवन्ध मिलाई सेवा प्रवाह संचालन गर्ने ।

३. बैंक/वित्तीय संस्था सम्वन्धमा:-

   क. बैंक तथा वित्तिय संस्थाहरुले बैकिङ्ग कारोवार गर्दा कुनै पनि भिडभाड नगराई स्वास्थ्य सुरक्षा मापदण्डको अनिवार्य पालना गरी / गराई टोकन प्रणालीमा सेवा संचालन गर्ने ।

प्रमुख जिल्ला अधिकारी

४. पसल तथा व्यवसाय सञ्चालन सम्बन्धमाः-

क. औषधि, अक्सिजन सिलिण्डर, स्वास्थ्य सामाग्री सम्बन्धी पसल, बिउ/बिजन, रसायनिक मलखाद, कुखुराको चल्ला, दाना, पशुपंक्षिको आहार लगायतको कृषि सम्बन्धी पसल, पेट्रोल/डिजेल स्टेशन, LP Gas र मोटर वर्कसप संचालन गर्न पाईने ।

ख. खाद्यान्न, तरकारी, फलफुल, माछा / मासु, दुध डेरी पसल दैनिक विहान १०:०० वजे सम्म संचालन गर्न पाइने।

ग. अन्य पसल व्यवसायहरु (पुस्तक, हार्डवेयर तथा निर्माणजन्य सामाग्री, ईलेक्ट्रोनिक, टेलरिङ्ग, ड्राईक्लिनर्स, लत्ताकपडा, जुत्ता चप्पल, सुनचाँदी, कस्मेटीक, भाँडा, गाडी/मोटरसाईकल शोरुम, प्लास्टिक तथा मेसीनरी, फर्निचर) विहान १०:०० बजे देखि वेलुका ६:०० बजे सम्म सञ्चालन गर्न पाईने ।

घ. खाजाघर, रेष्टुरेण्ट र मिठाई पसलहरु दैनिक दिउसो १०:०० वजे देखि वेलुकी ६:०० वजे सम्म संचालन गर्न पाईने ।

ङ. होटल/लज संचालन सम्बन्धमा जनस्वास्थ्यका निर्धारित मापदण्ड पालना गरि कुल क्षमताको ५०% (पचास प्रतिशत) नबढ्ने गरी संचालन गर्न पाईने । कोठाहरु प्रत्येक दिन अनिवार्य रुपमा निसंक्रमण (Disinfection) गर्ने।

च. औषधी पसल तथा अत्यावश्यक सेवा सञ्चालन गर्दा नेपाल सरकारले तोकेको स्वास्थ्य सुरक्षा मापदण्डको पुर्ण पालना गर्ने ।

छ. सिनेमा हल, पार्टी प्यालेस, स्वीमिङ पुल, सपिङ मल, मनोरञ्जन स्थल, पार्क, सैलुन, ब्यूटी पार्लर, जीमखाना, समूहमा खेलिने खेलकुद, पुस्तकालय, संग्रहालय, चिडियाखाना, आदि बन्द गर्ने ।

ज. माथि उल्लेखित पसल तथा व्यवसाय सञ्चालन गर्दा नेपाल सरकारले तोकेको स्वास्थ्य सुरक्षा मापदण्डको अनिवार्य पालना गर्ने/गराउने, सो को नियमित अनुगमन सम्वन्धित स्थानीय तह, स्थानीय उद्योग वाणिज्य संघ तथा स्थानीय प्रहरी ईकाईहरुले गर्ने ।

५. सवारी साधन सञ्चालन सम्बन्धमाः-

क. सबै प्रकारका सार्वजनिक तथा नीजि सवारी साधनहरु स्वास्थ्य सुरक्षा मापदण्डको पूर्ण पालना गरी संचालन गर्न पाइने ।

ख. मध्यम तथा लामो दुरीका सार्वजनिक यातायात स्वास्थ्य सुरक्षा मापदण्डको पूर्ण पालना गरी संचालन गर्न पाइने ।

ग. सार्वजनिक सवारी साधनहरु सञ्चालन गर्दा स्वीकृत सिट क्षमता अनुसार देहायका मापदण्ड पालना गरी सञ्चालन गर्ने ।

- सिट क्षमता भन्दा बढी यात्रु नराख्ने ।
- यात्रुहरुले माक्सको अनिवार्य प्रयोग गरेको हुनुपर्ने ।
- सवारी साधनको ढोकामा स्यानीटाईजरको व्यवस्था हुनुपर्ने ।
- चालक, सहचालक र सहयोगीले अनिवार्य माक्स, भाईजर र पन्जा लगाउनु पर्ने ।
- सवारी साधन अनिवार्य रुपमा दैनिक निसंक्रमित गर्नुपर्ने ।

घ. माथि उल्लेखित व्यवस्थाको प्रभावकारी अनुगमन ट्राफिक प्रहरी/सुरक्षा निकायले गर्ने ।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
झापा
(................... फाँट)

☎ ०२३- ४५५१२५ कार्यालय
४५५०८८ फ्याक्स
४५६१९१ कार्यालय
४५६१९७ प्रजिअ आवास
४५५१६६, ४५५०६६, ४५५९८८

पत्र संख्या :-
चलानी नं. :-

मिति :- ..............................

६. सीमा नाका सम्बन्धमाः-

क. सीमा नाका काँकडभिट्टाबाट विदेशी नागरिकको प्रवेश स्थगन गर्ने । आपूर्ति प्रणाली सुचारु राख्न काँकडभिट्टा सीमा नाका यथावत सञ्चालन गर्ने । आपूर्ति प्रणाली सम्बद्ध ढुवानी साधनका चालक र सहचालकलाई स्वास्थ्य सुरक्षा मापदण्डको अनिवार्य पालना गर्ने गरी आवत जावत गर्न दिइने ।

ख. काँकरभिट्टा नाका बाहेक अन्य नाका तथा गौडाबाट नेपाल प्रवेशलाई पुर्ण रोक लगाउने ।

ग. काँकडभिट्टा नाकाबाट नेपाल प्रवेश गर्ने नेपाली नागरिकहरुको अभिलेख राख्ने, एन्टिजेन परीक्षण गर्ने, परीक्षणबाट पोजिटिभ देखिएकालाई आवश्यकता अनुसार नजिकको आइसोलेसन केन्द्र वा मेची अस्पतालमा थप उपचार गराउने, नेगेटिभ देखिएकालाई सम्बन्धित स्थानीय तहसँग आवश्यक समन्वय गरी निजको गन्तव्यमा पठाउने व्यवस्था मिलाउने ।

७. सभा सम्मेलनको हकमाः-

क. भौतिक रुपमा उपस्थित भई हुने सबै प्रकारका सभा, सम्मेलन, जुलुस, गोष्ठी, तालिम, सेमिनार लगायतका कार्यहरुको संचालनमा रोक लगाउने ।

८. कोभिड-१९ को संक्रमण दर घट/बढ भएमा यस आदेशमा भएका व्यवस्थाहरु जुनसुकै समयमा पनि पुनरावलोकन गर्न सकिनेछ ।

९. यस जिल्लामा क्रियाशिल विभिन्न संघ/संस्था तथा स्थानीय तह, सुरक्षा निकाय, नागरिक समाज लगायतको सहयोग एवं समन्वयमा "माक्स अभियान" संचालन गर्ने ।

१०. कोरोना संक्रमण दर बृद्धि भएमा जोखिमको अवस्था हेरी आवश्यकता अनुसार पालिकाहरुले आफ्नो पालिका भित्रको निश्चित क्षेत्र वा सम्पूर्ण पालिका नै शिल गर्न सकिने छ ।

११. होटल, पसल, व्यवसाय संचालन गर्दा स्वास्थ्य सुरक्षा मापदण्डको पालना भए नभएको सम्बन्धमा जिल्ला तथा पालिका स्तरबाट प्रभावकारी अनुगमन हुनेछ ।

१२. यस आदेशको पालना तथा कार्यान्वयनमा यस अघि झै आवश्यक सहयोग समन्वय तथा सहजीकरण हुन सम्वद्ध सबै सरोकारवाला र आम झापावासीमा हार्दिक अनुरोध छ ।

१३. यो आदेशको अवज्ञा गर्ने वा आदेश कार्यान्वयनमा बाधा हुने गरी कुनै कार्य गरे/गराईएको पाईएमा प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा सम्वन्धित सबैमा जानकारी गराईन्छ ।

२०७८/१/३२

श्रवणकुमार तिमिल्सिना
प्रमुख जिल्ला अधिकारी
प्रमुख जिल्ला अधिकारी